नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सार्वजनिक खरिद अनुगमन कार्यालय

## नेपाल सरकारका सचिव बैठकबाट भएका निर्णयहरुको मासिक (फाल्गुण) कार्य प्रगति:

| सि.नं. | निर्णय मिति | यस कार्यालयसँग सम्वन्धित निर्णय | कार्य प्रगति |
|---|---|---|---|
| १. | २०७२ फाल्गुण ३ गते सोमवार | विभिन्न मन्त्रालयले अन्य मन्त्रालयसँग विविध विषयमा राय परामर्श माग गरेको अवस्थामा राय परामर्श पठाउनुपर्ने निकायले सम्बन्धित मन्त्रालयलाई सुशासन व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६४ ले निर्धारण गरेको समयावधि भित्र राय परामर्श पठाउनुपर्ने । उल्लेखित कार्यमा ढिलाई गर्ने कर्मचारी र सो को निरिक्षण गर्नुपर्ने जिम्मेवारी भएको अधिकारीलाई सोही नियमावलीको नियम ४४ बमोजिम विभागीय कारवाही गर्ने । | -यस कार्यालयसँग सम्वन्धित विषयमा माग भई आएका राय परामर्शहरु सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६४ ले निर्धारण गरेको समयावधिभित्र राय परामर्श पठाउने व्यवस्था मिलाइएको , |
| २.. | | अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट च.नं. १४१६, मिति २०७२।१०।२१ को पत्रबाट सचिव बैठकमा छलफल गर्न भनि पठाइएको अनुचित कार्यसँग सम्बन्धित निवेदनमा छलफल हुँदा प्रत्येक निकायले e-bidding सम्बन्धी प्रकृयाको सञ्चालन गर्दा खरिद सूचना प्रकाशन भएको मितिदेखि नै टेण्डर कागजातहरु अनलाईन प्रविष्टि (upload) भई अद्यावधिक हुने गरी आ-आफ्ना portal / website को सक्षमता अभिवृद्धि गर्ने । | -यस कार्यालयबाट e-bidding सम्वन्धी प्रकृयाको संचालन गर्दा खरिद सूचना प्रकाशित भएव मितिदेखि नै टेण्डर कागजातहरु अनलाइन प्रबिष्टि (upload) भई अधावधिक हुने गरी यस कार्यालयको portal र website को सक्षमता अभिबृद्धि गर्ने व्यवस्था मिलाइएको, |
| ३. | | -आगामी बैशाख २ गते देखि रु. ५००० भन्दा बढीको भुक्तानी र कर्मचारी तलब सुविधा भुक्तानीमा खर्च लेख्ने कार्यालयले भुक्तानी आदेशमा अनिवार्य रुप PAN लेख्ने र कोष तथा लेखा नियन्त्रक कार्यालयले आफ्नो तथ्याङ्कआध (database) मा अनिवार्य राख्ने व्यवस्थ ा गर्ने । | - यस कार्यालयबाट आगामी चैत्रदेखि नै रु. ५००० भन्दा बढीको भूक्तानी र कर्मचारीको तल सुविधा भूक्तानी खर्च लेख्दा भूक्तानी आदेशमा अनिवार्य रुपमा PAN लेख्ने र कोष तथा लेखा नियन्त्रक कार्यालयले आफ्नो तथ्याङ्कआधार (database) मा राख्ने व्यवस्था मिलाइएको, |